# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४२) काठमाडौं, वैशाख १ गते २०४६ साल (संख्या १

## भाग ३

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको
### सूचना १

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी प्रसूती गृह विकास समितिको लागि साल्ट ट्रेडिङ्ग कर्पोरेशनले सहयोग स्वरूप प्रदान गरेको यू.एस.डलर ३७००।– मूल्य बराबरको मारुती ओम्नी एम्बुलेन्स गाडी थान एकको पैठारीमा लाग्ने भन्सार महसुल एवं बिक्रीकर पूर्णरूपले छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
कृष्णप्रसाद अधिकारी
उप-सचिव

८१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ (१) तथा बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी यूनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगलाई यूनेस्कोले अनुदान स्वरूप उपलब्ध गराउने देहाय अनुसारको सामानको पैठारीमा लाग्ने भन्सार महसुल र बिक्रीकर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

| ITEMS | DESCRIPTION | QUANTITY | UNIT PRICE | TOTAL PRICE |
|---|---|---|---|---|
| | | | | USD |
| 1. | Braille typewriter | 1 | 595.00 | 595.00 |
| 2. | Thermoform duplicator | 1 | 1750.00 | 1750.00 |
| 3. | Brailon plastic sheets, Nepalese standard (500 sheets per box) | 50 | 39.95 | 1997.50 |
| | C&F | 1 | 657.50 | 657.50 |
| | POWER SUPPLY 220V 50Hz | | | |
| | MANUALS IN ENGLISH | | | |
| TOTAL: C&F | | USD | | 5000.00 |

## सूचना ३

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी काठमाडौं नगरपालिकालाई जापानको मात्सुमोतो सिटीबाट उपहार स्वरूप प्राप्त अमेरिकी डलर ३३६७ मूल्य बराबरको OKIFAX OF-17 high speed facsimile with g2 & g3 compatibility फ्याक्स मेसिन एक थानमा लाग्ने भन्सार महसुल तथा बिक्रीकर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
चण्डीप्रसाद श्रेष्ठ
उप-सचिव

82



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।